# बेलबारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## बेलबारी, मोरङ्ग
## १ नं. प्रदेश

### ढुङ्गा, गिटी, बालुवा र माटो विक्री कर संकलन गर्ने E-BID ठेक्का बन्दोबस्ती सम्बन्धी ३० दिने सूचना

प्रथम पटक प्रकाशित मितिः२०७६/०४/२१

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम बेलबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्रबाहेक ढुङ्गा, गिटी, बालुवा, माटो बिक्री शुल्क संकलन गर्न तपशिल बमोजिमको खोलाहरुबाट तोकिएको परिमाणमा बिक्री शुल्क संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नु परेकाले ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि, नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि कर तथा आ. व. २०७५/७६ सम्मको कर तिरेको प्रमाणित प्रतिलिपि पेश गरी ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र रितपूर्वकको बोलपत्र आह्वान गरिएको छ ।

तपशिल

| सि. न. | ठेक्का नं. | ठेक्काको नाम | उठाउने क्षेत्र | उत्खनन् योग्य परिमाण (घन फिट) | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | BM/MOR/G/NCB-01-2076/077 | चिसाङ खोला | बेलबारी न. पा. को माथिल्लो राधानगर ( गौथली चोक), राधानगर, सृजना टोल, शान्ति टोल, दौलतपुर (क) र दौलतपुर (ख) गरी ६ वटा र कानेपोखरी गा.पा.को जहदा, बागभोडा र धावी टोल नाकाबाट (दुवै पालिकाको आईइ प्रतिवेदन अनुसार) | ४४,७९,६३६ | १,३४,३८,९०६।०० | ३००० | |
| २ | BM/MOR/G/NCB-02-2076/077 | लोहन्द्रा खोला | बेलबारी न.पा. र केरावारी गा.पा.को नक्साल नाका, बेलबारी न. पा. र सुन्दरहरैचा न. पा. को शुक्रबारे र गडागाउँ नाका र बाँकी लोहन्द्रा खोलामा बेलबारीको बिहानीचोक, भेडा, गौतमटोल, दोगडे, गडगाउँ, माथिल्लो कसेनी, बालथरी, कसेनी, भकारीभोडा, मटियारी र ग्रामथान गा.पा.को भोलाचोक, विनटोल, कोरियाडागी कालाबन्जर, चप्रामारी, मोतीपुर नाका गरी जम्मा (सबै पालिकाको आईइ प्रतिवेदन अनुसार) | १,३२,७०,४६५ | ३,९८,११,९३७।०० | ५००० | |

**शर्तहरु**

१. बोलपत्र फारम दस्तुर ठेक्का नं. १ को लागि रु ३०००।०० (तीन हजार) र ठेक्का नं. २ को लागि रु ५०००।०० (पाँच हजार) मात्रको यस कार्यालयको रा.बा.बैंक बेलबारी शाखाको खाता नं.२४३०३०४०१८१०३ मा दाखिला गरि PPMO को वेभासाईट http://bolpatra.gov.np/egp मार्फत सूचना प्रकाशित भएको मितिले ३० तीस दिन भित्र बोलपत्र फारम खरिद गरि सक्नुपर्नेछ ।

२. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजेसम्म अनिवार्य online बोलपत्र दर्ता गराउनु पर्नेछ ।

३. सिलबन्दी बोलपत्र दर्ता भएको दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलत्रदाताहरुको प्रतिनिधिको रोहावरमा खोलिनेछ र बोलपत्र खोल्ने समयमा बोलपत्रदताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।

४. बोलपत्र पेश गर्दा न्यनतम ठेक्का रकमको ३ प्रतिशतले हुने रकम बेलबारी नगरपालिकाको नाममा रहेको रा.वा.वैंक बेलबारी शाखाको हि.न. २४३०३०३००७१०३ धरौटी खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा मान्यता प्रप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तिमा १२० दिनको बिड बण्ड साथै बोलपत्रदाताले फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७५/७६ सम्मको कर तिरेको प्रमाणित प्रतिलिपि वा सम्बन्धित निकायबाट म्याद थप गरेको प्रमाणको प्रतिलिपि साथै स्वःघोषण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

५. प्रत्येक ठेक्काको छुट्टा छुट्टै बोलपत्र फारम खरिद गरी अलग अलग रुपमा बोलपत्र पेश गर्नु पर्नेछ ।

६. बोलपत्रदाताले आफूले कबोल गरेको ठेक्काको रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखी छाप लगाई पेश गर्नु पर्नेछ ।

७. बोलपत्र फारममा भरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

८. बोलपत्र खरिद गर्ने वा दर्ता गराउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त सो को लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ । ।

९. शिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन बोलपत्र दाखिला र बोलपत्र खोलिनेछ ।

१०. बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको ७ सात दिन भित्र सम्झौता गर्न नआएमा ५ प्रतिशत धरौटी रकम जफत हुनेछ ।

११. ठेक्कमा सम्झौताको समयमा बोलपत्रदाताले पहिलो किस्ता वापत कबोल अंकको ४० प्रतिशत यस कार्यालयमा राष्ट्रिय वाणिज्य बैक बेलबारी शाखामा रहेको संचित खाता नं.२४३०३०४०१८१०३ मुलकोष खातामा जम्मा गरेको सक्कल भौचर र बाँकी २ किस्ता मध्ये दोस्रो किस्ता ४० प्रतिशत बापत २०७६ पौष मसान्त र तेस्रो किस्ता २० प्रतिशत वापत २०७६ चैत्र मसान्त सम्ममा जम्मा गर्नु पर्नेछ ।
१२. सम्पुर्ण रकम एकमुष्ट नबुझाइ किस्तामा रकम बुझाउने भएमा बोलपत्रदाताले ठेक्का सम्भौता गर्न आउदा कति रकम बुझाउन बाकी रहन्छ सो बराबरको नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बैकबाट २०७७ असार मसान्त सम्म म्याद भएको बैक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।
१३. ठेक्काको अवधि २०७६ आश्विन देखि २०७७ जेष्ठ सम्मको लागि मात्र हुनेछ ।
१४. ठेक्का सम्झौता भइसकेपछि कुनै बन्द हडताल वा कुनै कारणबाट ठेक्का रकममा कुनै प्रकारको छुट मिनाहा माफि दिइने छैन ।
१५. बोलपत्रदाताले सम्झौता समयमा कबोल गरेको ठेक्का अंकको सम्पुर्ण रकम एकमुष्ट बुझाएमा १० प्रतिशत रकम छुट सुविधा दिन सकिनेछ ।
१६. ढुङ्गा, गिटी, बालुवा र माटो बिक्री शुल्क प्रति घनफिट ३.०० रुपैयाका दरले संकलन गर्नु पर्नेछ ।
१७. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियम अनुसार कारबाही भई ठेक्का रद्द समेत हुन सक्नेछ ।
१८. बोलपत्रदाताले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।
१९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।
२०. केरमेट भएको, सही छाप नभएको, म्याद नाघी दर्ता हुन आएको बोलपत्र स्वीकृत गरिने छैन ।
२१. बोलपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मतभिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।
२२. यस सुचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र नभएका कुराहरुको हकमा नेपालको प्रचलित कानून बमोजिम हुनेछ
२३. नदी वा खोला उत्खनन तथा संकलन गर्न हेभि इकुमेन्ट प्रयोग गर्न पाइने छैन ।
२४. ढुङ्गा, गिटी, बालुवा र माटो बिक्री शुल्क तथा प्राकृतिक धारा किनारा घाट कुल कुलेसा, लोकमार्ग तथा सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी पुलको ५ सय मिटर उत्तर दक्षिण छाडेर मात्र ढुङ्गा, गिटी, बालुवा र माटो उठाउन पाउनेछ ।
२५. नदीको दुवै किनार २५/२५ प्रतिशत भाग छोडी ढुङ्गा, गिटी, बालुवा र माटो संकलन गर्न पाइनेछ ।
२६. प्रारम्भिक वातावरणीय प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रही ढुङ्गा, गिटी, बालुवा र माटो संकलन गर्नु पर्नेछ ।
२७. वन क्षेत्रबाट ढुङ्गा, गिटी, बालुवा र माटो उत्खनन गरी बिक्री गर्न पाइने छैन ।
२८. बोलपत्रदाताले ठेक्का स्वीकृत भए पश्चात् कबोल रकमको १३ प्रतिशत मूल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रिम आयकरको रकम बोलपत्रदाता स्वंयले आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्नेछ ।
२९. ठेक्का तयारी तथा यससँग लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफै जिम्मेवार हुनु पर्नेछ ।
३०. बोलपत्रदाताले आफ्नो खर्चमा उत्खनन् गर्ने खोलाहरुको नाका भ्रमण गर्न सक्नेछन् ।
३१. बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ ।
३२. ठेक्का तथा विड डकुमेन्ट सम्बन्धि अन्य जानकारीको लागि बोलपत्रदाताले http:// bolpatra.gov.np/egp मार्फत जानकारी प्राप्त गर्न सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत